लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

गुलरिया, बर्दिया

## प्रस्ताव आव्हान संबन्धि सूचना

सुचना क्रम संख्या : ५

**प्रथम पटक सुचना प्रकाशन मिति २०८०/०८/२१**

आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने तपशिल अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र (मिति २०८०/०९/०५ गते सम्म ) यस कार्यालयमा उल्लिखित कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्याबसायिक योजना, संलग्न गर्नु पर्ने कागजात तथा कृषि तथा पशुपक्षि विकाश कार्यक्रम संचालन कार्यविधि, २०८० यस कार्यालयको सुचनापाटी वा वेवसाईट ialdobardiya.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०८४- ४२१२०७ मा सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

सागर ढकाल
प्रमुख
(वरिष्ठ कृषि प्रसार अधिकृत)

तपशिल

| क्र.स | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलप | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| १ | गोब्रे च्याउ उत्पादनका लागि पुर्वाधार विकास सहयोग (बाँसगढी न. पा.) | • आधुनिक प्रविधियुक्त च्याउघर/ च्याउको टहराहरु निर्माण/सुधार,<br>• ग्रेडिङ्, प्याकेजिङ तथा लेवलिङ्क सामग्रीहरु<br>• प्रशोधन तथा बजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु<br>• ढुवानी साधन खरिद, | • च्याउ उत्पादन तथा प्रशोधन उद्देश्य लिई दर्ता भएको फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• वार्षिक न्यूनतम ५०० कि.ग्रा. बीउ प्रयोग गरी उत्पादन गर्नुपर्ने,<br>• भौतिक पूर्वाधार निर्माणको डिजाईन, ईष्टिमेट, औजार उपकरणहरूको स्पेसिफिकेसन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, बजारीकरण योजना, अनुदान माग गरेको रकम सहितको व्यावसायिक योजना हुनुपर्ने। | • फर्म/कम्पनीको हकमा कुल लागतको धिकतम ५० प्रतिशत<br>• समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |

| क्र.स | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलप | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | | • कोल्ड च्याम्बर निर्माण,<br>• च्याउ बीउ खरीद | | |
| २ | बेसार प्रशोधन केन्द्र/उद्योग स्थापना कार्यक्रम (गुलरिया न. पा.) | • वेसार प्रशोधनका लागि आवश्यक मेशिनरी/औजार खरिद<br>• प्रशोधित बेसार प्याकेजिङ्ग, लेवलिङ्गका लागि आवश्यक सामग्री,<br>• भण्डार लगायत प्रशोधनसँग सम्बन्धित अन्य पूर्वाधार निर्माण। | • फर्म/ कम्पनी/कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• बेसार प्रशोधन केन्द्र/उद्योग स्थापना/सुदृढीकरण/विस्तार गर्नुपर्ने,<br>• बेसार प्रशोधनका लागि व्यावसायिक योजना पेश गर्नु पर्ने,<br>• आवेदकले बेसार प्रशोधन तथा बजारीकरण कार्य गर्ने प्रतिवद्धता गर्नु पर्ने,<br>• पूर्वाधार निर्माणको हकमा प्रशोधन केन्द्र स्थापना गर्ने वा रहेको जग्गा आवेदकको स्वामित्वमा हुनु पर्ने।<br>• कार्यालयले सिफारिस गरेका किसानहरूलाई अभिमुखीकरण गर्नु पर्ने। | कृषक/फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |
| ३ | सिंचाई सहित कृषि विकास कार्यक्रम | • सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद,<br>• सिंचाई कुलो/पोखरी , स्यालो/डिप वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी/जल उपभोक्ता समिति सहभागी हुन सक्ने,<br>• निजीको हकमा न्यूनतम १० कठ्ठा (पहाडको हकमा ५ रोपनी) र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नुपर्ने,<br>• यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने,<br>• विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | • पूर्वाधार निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, डेलिभरी पाईप, १ ईन्च वा सो भन्दा मुनिका पाईप) को हकमा अधिकतम ५० प्रतिशत,<br>• समूह/सहकारीको हकमा अधिकतम रु ५ लाख र |



सागर ढकाल
प्रमुख

| क्र.स | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलप | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | | | | व्यक्तिगत वा फर्म/कम्पनीको हकमा अधिकतम रु १ लाख ५० हजार अनुदान। |
| ४ | बजारिकरणका लागि अटो-रिक्सा खरिदमा सहयोग कार्यक्रम | • अटो-रिक्सा खरिद, ढुवानी साधन सञ्चालन विधि बनाई परिचालन गर्ने। | • बाली वस्तु उत्पादन तथा बजारीकरणमा संलग्न फर्म/कम्पनी/कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• सवारी साधन खरिद गर्दा सम्बन्धित कार्यालयले स्वीकृत गरेको स्पेशिफिकेशन अनुसार कृषि उपज ढुवानीका लागि उपयुक्त इ-रिक्सा/ अटो रिक्सा खरिद गर्नुपर्ने,<br>• ढुवानी योग्य परिमाणमा बालीवस्तु उत्पादन, संकलन तथा बजारीकरण कार्यमा संलग्न भएको संस्था हुनुपर्ने,<br>• नेपाल सरकार वा अन्य निकायबाट ढुवानी साधनमा अनुदान नपाएका संस्थाले आवेदन दिन सक्ने,<br>• ढुवानी साधन स्वामित्व हस्तान्तरण गर्न नपाइने। | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति ढुवानी साधन अधिकतम रू. ३ लाख अनुदान। |
| ५ | कृषि उपज/बीउ भण्डारण पूर्वाधार विकास कार्यक्रम | • बीउ भण्डार गृह निर्माण सहित आवश्यकता अनुसार थ्रेसिङ्ग फ्लोर निर्माण, बीउ प्रशोधनका लागि आवश्यक यन्त्र उपकरण खरिद। | • बीउ उत्पादन, प्रशोधन तथा भण्डारण गर्ने उद्देश्य भएको फर्म/कम्पनी/ कृषक समूह/ सहकारी सहभागी हुन सक्ने,<br>• लागत अनुमान तयार गर्नुपर्ने,<br>• वार्षिक न्यूनतम २० मे टन खाद्यान्न बालीको बीउ प्रशोधन/भण्डारण गर्ने क्षमताको बीउ प्रशोधन/भण्डारण निर्माण गर्ने प्रतिवद्धता गर्नुपर्ने,<br>• कम्तीमा १ वर्ष बीज वृद्धि कार्यमा संलग्न भएको हुनुपर्ने, | • फर्म/कम्पनीको हकमा कुल लागतको अधिकतम ५० प्रतिशत र समूह वा सहकारीको हकमा अधिकतम ७५ प्रतिशत अनुदान। |



सागर ढकाल
प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

गुलरिया, बर्दिया

| क.स | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलप | न्यूनतम मापदण्ड | अनुदानको सिमा |
|---|---|---|---|---|
| | | | • पूर्वधार निर्माणका लागि कम्तीमा १ रोपनी जग्गा हुनुपर्ने,<br>• बीउ उत्पादक वा बिक्रेताको इजाजत पत्र भएको हुनुपर्ने।<br>• बीउ उत्पादक कृषकहरूलाई बीउ उत्पादन अभिमुखीकरण गर्नुपर्ने। | |

***कार्यक्रम संचालन हुने क्षेत्र वा स्थानः*** *बर्दिया जिल्लाभर*

**आवेदकको किसिमः** कृषक/कृषक समुह/कंपनि/फर्म/ सहकारि संस्था/ उपभोक्ता समिति/संघ संस्था.

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

१ प्रस्तावको निवेदन । (अनुसूची ३५ बमोजिम)

२ दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी) ।

३ स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

४ कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पुर्व पेश गर्नु पर्ने) ।

५ कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) ( अनुसूची ३७ बमोजिम )

६ सम्बन्धित स्थानिय तहको सिफारीस पत्र ।

७ प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि ।

८ प्रस्ताव पेश गर्नेको नागरिकतको प्रतिलिपि ।

९ निर्माण गरिने पुर्वाधारको हकमा प्रचलित दररेट अनुसार लागत अनुमान, डिजाईन तथा नक्सा ।

१० जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि तथा चालु आ. ब. को मालपोत तिरेको रसिद। जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० वर्ष अवधिको करार पत्र समेत।

(भण्डार गृह, कोल्ड च्याम्बर आदी स्थायि संरचना निर्माणका लागि आवश्यक जमिन आवेदकको स्वामित्वको हुनु पर्नेछ )

२०८०/८/२१

सागर ढकाल
प्रमुख
(वरिष्ठ कृषि प्रसार अधिकृत